# कनकाई बुलेटिन

# Kanakai Bulletin

KANAKAI MULTIPLE CAMPUS

कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा

Year 2, Issue 1, January-June, 2020 (Spring)


## कनकाई बहुमुखी क्याम्पस : संक्षिप्त चिनारी




समाज र राष्ट्रको दिगो तथा चौतर्फी विकास र सकरात्मक परिवर्तनको निर्विकल्प आधार शिक्षा नै हो भन्ने आधारभूत मान्यता र परिकल्पनाका साथ वि.स. २०४७ सालमा 'कनकाई क्याम्पस' को नामबाट यस क्याम्पसको स्थापना भएको हो । तत्कालीन शिक्षासेवी र समाजसेवीहरुको सामूहिक प्रयासको फलस्वरुप मिति २०४७/०९/१० गतेका दिन त्रि.वि. बाट क्याम्पस सञ्चालनको अनुमति प्राप्त भई मिति २०४७/१०/१० गते श्रीपञ्चमीका दिन तत्कालीन स्वयमसेवी शिक्षक कोमल प्रसाद पोखरेलबाट कक्षारम्भ भएको थियो । तत्कालीन शिक्षासेवी र समाजसेवीहरुको विवरण कनकाई स्मारिका (२०५१) को परिशिष्ट २ मा उल्लेख भएको पाइन्छ । क्याम्पसले २९ वर्षे यात्रा पार गर्ने क्रममा वि.स. २०५२ सालदेखि स्नातक तहको कार्यक्रम सञ्चालन गर्ने स्वीकृति प्राप्त गरेको थियो भने २०५७ सालमा ३ वर्षे वि.एड. त्यसपछि १ वर्षे वि.एड. हुदै २०६२ सालदेखि वि.वि.एस. कार्यक्रम सञ्चालन हुदै आाएको छ । त्यसै गरी २०६४ देखि एम.एड. र २०७५ सालदेखि एम.वि.एस सम्मको पठनपाठन गर्ने स्वीकृति भए

अनुरुप उक्त कक्षाहरु प्रभावकारी रुपमा सञ्चालन हुँदै आएका छन् जसले गर्दा झापा लगायत पूर्वी नेपालको उत्कृष्ट शैक्षिक केन्द्रको रुपमा यो क्याम्पस विकसित र स्थापित हुदै आएको छ ।

कनकाई बहुमुखी क्याम्पस कम्पाउड सहितको ५ बिगाहा क्षेत्रफल भित्र सुविधा सम्पन्न भवन, खेलमैदान, पुस्तकालय, चमेनागृह आदि संरचनाहरुले सजिएको छ । दैनिक पठनपाठनका लागि आवश्यक फर्निचर र सामग्री सहितको २५ कोठे भवन रहेको छ साथै पुस्तकालय सहितको प्रशासनिक भवन निर्मित छ । त्यसै गरी प्राध्यापक र कर्मचारीका लागि आवश्यक चमेना गृह, विद्यार्थीहरुका लागि छात्र छात्राको अलग सुविधायुक्त शौचालय निर्मित छ । क्याम्पसको पूर्वोत्तर भागमा लगभग दश कट्टा बराबरको क्षेत्रफलमा आकर्षक बगैंचा निर्माणाधीन छ । टाढाबाट आउने विद्यार्थीहरुको यातायात सुविधालाई दृष्टिगत गरी कनकाई नगरपालिका, शिवसताक्षी नगरपालिका र विर्तामोड नगरपालिका तथा झापा गाउँपालिका भरिको पहुँचमा पुग्ने गरी विद्यार्थी यातायातका लागि दुईवटा बस खरिद गरी सञ्चालनमा ल्याइएको छ ।

प्रशासनिक भवनको पहिलो तलामा रहेको कम्प्युटर ल्याब र अध्ययन कक्ष सहितको १५,५४५ पुस्तकहरु रहेको सुविधा सम्पन्न पुस्तकालय रहेको छ । क्याम्पसका छात्राहरुको आवश्यकतालाई मध्यनजर गरी आरम कक्ष, प्राध्यापक संघ र स्ववियू कार्यालयको लागि प्रतीक्षालय सहितको ३ कोठे भवन बनाइएको छ । यसरी भौतिक संरचनाको दृष्टिले क्याम्पस स्रोत साधन सम्पन्न र आकर्षक बन्दै गएको छ ।

शैक्षिक दृष्टिले हेर्दा क्याम्पसमा ३५ जना अनुभवी, दक्ष र तालिम प्राप्त प्राध्यापकहरु र १५ जना कर्मचारीहरु कार्यरत छन् । क्याम्पसको प्रशासनिक तथा प्राज्ञिक कार्यसम्पादनलाई व्यवस्थित बनाउन ६ वटा विभागहरु र १२ वटा विभिन्न समितिहरु गठन गरिएका छन् । लेखन, अनुसन्धान र प्रकाशन सम्बन्धी कामहरु पनि उत्साह जनक रुपमा हुँदै आएका छन् । विभिन्न संकाय र तहमा अध्ययनरत विद्यार्थीहरुको संख्या ८३७ रहेको छ । क्याम्पसले स्नातक र स्नाकोत्तर तहका अत्तिरिक्त छुट्टै व्यवस्था हुने गरी कक्षा ११ र १२ तथा कम्प्युटर र भाषा कक्षाहरु पनि सञ्चालनमा ल्याएको छ । कक्षा ११ र १२मा जम्मा २६६ विद्यार्थीहरु अध्ययनरत छन् ।

शैक्षिक उपलब्धिका सन्दर्भमा यस वर्षमा स्नाकोत्तर तहतर्फ व्यवस्थापन संकायमा ८० प्रतिशत र शिक्षा शास्त्र तर्फ ४८ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण छन् भने स्नातक तहतर्फ औसतमा ३५ प्रतिशत भन्दा बढी विद्यार्थीहरु उत्तीर्ण देखिन्छन् । क्याम्पसमा विभिन्न अतिरिक्त क्रियाकलापहरु, अभिमुखीकरण कार्यक्रम, अनुसन्धानमूलक गोष्ठी, भ्रमण आदि गतिविधिहरु सञ्चालन भइरहेका छन् । व्यवस्थित रुपमा आन्तरिक, प्रयोगात्मक र बाह्य परीक्षाहरु सञ्चालन भएका छन् । गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि छात्र वृत्तिको उचित व्यवस्था हुदै आएको छ । क्याम्पस QAA प्राप्तिको दिशा र प्रक्रियामा क्रियाशील छ र यस सम्बन्धी गतिविधिहरु अन्तिम चरणमा पुगिसकेका छन् । Center for academic excellence को मूलनारा सहित अघि बढेको क्याम्पसले गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने गन्तव्यलाई टुङगोमा पुऱ्याउन प्रतिवद्धता जाहेर गरेको छ । सरोकारवालाहरुको सामूहिक प्रतिबद्धता, प्रयास र सहयोगबाट क्यापम्सको निर्धारित लक्ष्य पूरा हुने निश्चित छ । समग्रमा क्याम्पस भौतिक संरचनाका दृष्टिले निकै मजबुत बनेको देखिन्छ भने आर्थिक र शैक्षिक दृष्टिले अपेक्षाकृत प्रगति हाँसिल गर्ने चुनौतीलाई सामना गर्दै अघि बढ्नुपर्ने देखिन्छ ।

# शोधपत्र अभिमुखीकरण कार्यक्रम सम्पन्न

कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाको व्यवस्थापन विभागले शोधपत्र अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । २०७७ साल पौष १२ गते आईतबारका दिन स्नातक चौथो वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई शोधपत्र अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको हो ।



व्यवस्थापन संकायका प्रमुख टिकाराम घिमिरेको संयोजकत्वमा व्यवस्थापन संकाय अन्तर्गत स्नातक चौथो वर्षका विद्यार्थीहरुलाई शोधपत्रको महत्व, आवश्यकता लेखनको ढाँचा एवम् खोज अनुसन्धानका उपयोगिताको बारेमा सो विभागका प्राध्यापकहरुले अभिमुखीकरण गर्नु भएको थियो । कार्यक्रममा व्यवस्थापन विभागका सदस्यहरु रुद्र गौतम, टामन न्यौपाने, तुलसी कार्की, डिल्ली भट्टराई तथा क्याम्पस प्रमुख श्री विकास प्रसाद उप्रेतीले चर्चा गर्नुभएको थियो ।

विद्यार्थीहरुले पनि शोधपत्र लेखनमा आउन सक्ने समस्या एवम् चुनौती समय निर्धारण स्रोत व्यवस्थापन जस्ता विषयहरुमा आफ्ना जिज्ञासा खुलेरै प्रस्तुत गरेका थिए । उक्त कार्यक्रममा विभागिय प्रमुखले कार्यक्रमको औचित्यता एवम् आवश्यकता माथि प्रकाश पार्नुभएको थियो भने प्राध्यापक रुद्र गौतमले फाइनल प्रोजेक्ट रिपोर्ट राइटिङ्ग डिन कार्यालयबाट जारी भएको मार्ग निर्देशन ढाँचाका बारेमा विद्यार्थीहरुलाई स्पष्ट पार्नुभएको थियो ।

कनकाई बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री विकास प्रसाद उप्रेतीको प्रमुख आतित्थता रहेको कार्यक्रमको सहजीकरण रुद्र गौतमले गर्नुभएको थियो ।

# स्टाफ मिटिङ सम्पन्न




कनकाई बहुमुखी क्याम्पस सुरुङ्गामा प्राध्यापक तथा कर्मचारीहरुले स्टाफ मिटिङ सम्पन्न गरेका छन् । मिति २०७७/०६/०६ गतेका दिन क्यामपस प्रमुख श्री विकास प्रसाद उप्रेतीको अध्यक्षतामा स्टाफ बैठक सम्पन्न भएको हो ।

कोरोना भाईरस (Covid-19) का कारण सिर्जना भएको वर्तमान विषम परिस्थितिमा वैकल्पिक माध्यमबाट पठनपाठनलाई कसरी अगाडी बढाउन सकिन्छ भन्ने विषयमा कार्यक्रम सम्पन्न भएको हो । स्नातक तेस्रो वर्ष र स्नातकोत्तर कक्षाहरुलाई अति आवश्यक विषयको सिकाई सहजीकरण अनौपचारिक रुपमा विषय शिक्षक एवम् विद्यार्थीहरुको पठनपाठनलाई अगाडी बढाउने कुरामा छलफल गरी व्यवस्थापन गर्ने निर्णय तय गरिएको थियो । त्यसका साथै कक्षा ११ र १२ को पठनपाठन online विधिबाट २०७७ असोज १८ गते देखि सुरुवात गर्ने निर्णय समेत भएको थियो ।

# स्वअध्ययन प्रतिवेदन स्विकृत (SSR Approved)

विश्वविद्यालय अनुदान आयोग Q.A.A. शाखाबाट प्राप्त जानकारी अनुसार कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाले तयार पारेको SSR Report स्विकृत भएको छ । विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त जानकारी अनुसार पौष १६ गते २०७७ का दिन सो प्रतिवेदन स्विकृत भएको थियो ।


REVISED SELF-STUDY REPORT

Prepared and Submitted by:
Kanakai Multiple Campus
Kanakai Municipality, Surunga, Jhapa

Submitted to:
Quality Assurance and Accreditation Council
University Grants Commission
Sanothimi, Bhaktapur, Nepal
2020 AD/ 2077 BS

विश्वविद्यालय अनुदान आयोग (UGC) गुणस्तर सुनिश्चतता र प्रत्ययन परिषद (QAA Council) को बैठकबाट कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाको सो अध्ययन प्रतिवेदन (SSR) लाई स्विकृती प्रदान गरिएको छ । जसबाट कनकाई बहुमुखी क्याम्पसले QAA प्रमाण पत्र प्राप्त गर्ने मार्ग प्रशस्त भएको छ । यो प्रक्रिया माग महिना भित्र PRT गठन भएर July भित्रमा प्रमाणपत्र हाँसिल गर्ने कुरा SAT का संयोजक टिकाराम घिमिरेले बताउनु भएको छ ।

# अन्तरक्रिया कार्यक्रम सम्पन्न




कनकाई बहुमुखी क्याम्पसमा M.Ed Sec. सेमेस्टर पूरा गरी Third Semester अध्ययन गरिरहेका विद्यार्थीहरुलाई अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । विद्यार्थीको पठनपाठन पुस्तकालय व्यवस्थापन परिक्षाफल लगायत विभित पक्षहरुका सम्बन्धमा पौष १२ गते कार्यक्रम सम्पन्न भएको हो ।

कनकाई बहुमुखी क्याम्पस शिक्षाशास्त्र संकायले आयोजना गरेको उक्त कार्यक्रममा क्याम्पस प्रमुख विकास प्रसाद उप्रेतीले प्रथम सेमेस्टरको परीक्षाफल पठनपाठनमा विद्यार्थी प्राध्यापक र क्याम्पस प्रशासनको भूमिका बारेमा चर्चा गर्दै आगामी दिनमा पठनपाठन पुस्ताकलय व्यवस्थापन, अनुसन्धान लगायत अन्य प्राज्ञिक विषयमा अन्तरक्रिया गर्नुभएको थियो । उक्त कार्यक्रममा साहायक क्याम्पस प्रमुख शेर बहादुर बानियाँले विद्यार्थीहरुको प्रथम सेमेस्टर नतिजाको विश्लेषण गर्दै राम्रो रिजल्ट प्राप्तीका लागि विद्यार्थीहरुले निर्वाह गर्नुपर्ने भूमिकाको बारेमा चर्चा गर्नुभएको थियो । सोहि कार्यक्रममा शिक्षा शास्त्र विभागका विभागिय प्रमुख योन्देन सुनुवारले विद्यार्थीहरुको प्राज्ञिक दक्षता अभिवृद्धिको सम्बन्धमा चर्चा गर्दै मिति २०७७/०९/१६ गतेबाट एम.एड.तेस्रो सेमेस्टरको भौतिक उपस्थितिमा कक्षा सञ्चालन प्रभावकारी ढङ्गबाट हुने जानकारी दिनुभएको थियो । विद्यार्थीको तर्फबाट पुष्प पौडेल, लक्ष्मण कार्की आदिले चर्चा गरेका थिए । कार्यक्रमको सञ्चालन शेर बहादुर बानियाँले गर्नुभएको थियो ।

## स्टाफ बैठक सम्पन्न

कनकाई बहुमुखी क्याम्पसको शैक्षिक तथा प्रशासनिक अध्ययन गर्न स्टाफ बैठक सम्पन्न भएको छ। शैक्षिक गुणस्तर अभिवृद्धिका लागि २०७७ साल पौष २६ गते स्टाफ बैठक सम्पन्न भएको हो।



क्याम्पसका प्राध्यापक तथा कर्मचारीको संयुक्त बैठकमा पठनपाठन तथा परीक्षा सम्बन्धी एजेन्डा माथि छलफल गर्दै स्नातक प्रथम र द्वितीय वर्षको कोर्ष २० प्रतिशत मात्र बाँकी रहेको र यथा सकिय चाडो आन्तरिक परीक्षा गराउनु पर्ने र सोका लागि परीक्षा समितिलाई अधिकार दिने निर्णय गरिएको थियो। त्यस्तै दोस्रो एजेन्डाको रुपमा रहेको आगामी स्नातक प्रथम वर्षको विद्यार्थी भर्ना सम्बन्धमा आउदो शैक्षिक वर्षको लागि भर्ना कार्यक्रम शसक्त रुपमा अगाडी बढाउने र माघ पहिलो साता भित्र शैक्षिक परामर्श समितिको बैठक बसी विद्यार्थी भर्ना सम्बन्धी कार्यक्रममा प्राध्यापक तथा कर्मचारीको सहभागितामा भर्ना अभियान सफल बनाउने निर्णय पारित भएको थियो। त्यसै बैठकमा QAA गतिविधि तथा बनभोज आयोजना जस्ता विषयमा छलफल भएको थियो।

क्याम्पस प्रमुख विकास प्रसाद उप्रेतीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सबै विभागका विभागिय प्रमुख तथा प्राध्यापकहरुले आ-आफ्नो विचार राख्नुभएको थियो। कार्यक्रमको सञ्चालन साहायक क्याम्पस प्रमुख शेर बहादुर बानियाँले गर्नुभएको थियो।

## प्राध्यापक बढुवा



कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाले ३ प्राध्यापकलाई पदोउन्नती गरेको छ। समय सिमा पुरा गरेका प्राध्यापकहरुलाई विषय विशेषज्ञहरुबाट दिनुभएको निर्णय अनुसार बढुवा हुनु भएको होक्याम्पसको विद्यान अनुसार बढुवा सम्बन्धी सर्त पूरा भएका मध्ये तिन जनाको निवेदन पर्न गएको र सोका लागि अंग्रेजी विषयमा एक जना नेपाली विषयमा एक जना र व्यवस्थापन विषयमा १ जना परिक्षार्थीको परीक्षा मेची बहुमुखी क्याम्पस वा दमक बहुमुखी क्याम्पसबाट विषय विज्ञ बोलाएर २०७७ पौष १४ गते परीक्षा सम्पन्न गर्ने निर्णय सञ्चालन समितिको २०७७ कार्तिक २३ गतेको निर्णयबाट पदपूर्ति समितिलाई दिने निर्णय अनुसार पदपूर्ति समितिका संयोजक श्री खगेश्वर उप्रेतीको अध्यक्षतामा २०७७ पौष १४ गते

भएको विषय विज्ञहरु क्रमशः नेपाली प्राध्यापक मेची बहुमुखी क्याम्पसका सह प्राध्यापक गंगाराम ढुङ्गेल अंग्रेजी विषयका मेची बहुमुखी क्याम्पसका सह प्राध्यापक माधव शर्मा त्यस्तै व्यवस्थापन विभागमा मेची बहुमुखी क्याम्पसकै सह प्राध्यापक निर्मल कुमार खतिवडाको निर्णय बाट क्रमश : कमला भण्डारी सुवेदी, जिवन कुमार सिटौला र टिकाराम घिमिरेलाई उप प्राध्यापकमा बढुवाका लागि सञ्चालक समितिमा सिफारिस गरिएको थियो ।

उक्त सिफारिस अनुसार मिति २०७७ पौष १९ गते बसेको सञ्चालनक समितिको बैठकले माथी उल्लेखित ३ प्राध्यापकलाई मिति २०७७ माघ १ गतेबाट लागु हुने गरि स्थायी उप प्राध्यापकमा बढुवा गर्ने सर्वसम्मत निर्णय गरेको थियो । त्यस्तै अस्थायी उप प्राध्यापकमा कार्यरत प्रवित्रा अधिकारीलाई समेत स्थायी उप प्राध्यापकमा लैजाने निर्णय गरिएको थियो ।

## कक्षा सञ्चालन एवम् पठनपाठन सुरु



कनकाई बहुमुखी क्याम्पस सुरुङ्गामा कक्षा सञ्चालन एवम् पठन पाठन भौतिक उपस्थितिमा सुरु भएको छ । २०७७ साल मंसिर ७ गते आईतबारबाट कक्षा आरम्भ हुने निर्णय भएको हो ।

कनकाई बहुमुखी क्याम्पस सुरुङ्गामा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई लक्षित गर्दै स्नातक पहिलो वर्ष, स्नातक दोस्रो वर्ष र स्नातकोत्तर तेस्रो सेमेस्टरको पठनपाठन मंसिर ७ गते आइतबारबाट सुरु हुने निर्णय २०७७ कार्तिक २७ गते बसेको बैठकले निर्णय गरेको हो । क्याम्पस प्रमुख विकास प्रसाद उप्रेतीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा शैक्षिक परामर्श समितिका सदस्यहरुको उपस्थिति रहेको थियो ।

## कार्यशाला गोष्ठी सम्पन्न

कनकाई बहुमुखी क्याम्पसमा कार्यशाला गोष्ठी भएको छ । मिति २०७७ पुष १८ गते शनिबारका दिन एम.बि.एस. चौथो सेमेस्टर पूरा गरिसकेका विद्यार्थीहरुका लागि सोध पत्र लेखन सम्बन्धी एक दिवसिय कार्यशाला गोष्ठी सम्पन्न भएको हो ।

कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाको अनुसन्धान तथा प्रकाशन समिति र व्यवस्थापन विभागको संयुक्त आयोजनामा उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा प्रमुख अतिथिको रुपमा सञ्चालक समिति अध्यक्ष श्री प्रेम प्रसाद चुडालले क्याम्पसले आयोजन ागर्ने कुनै पनि प्राज्ञिक एवम् अनुसन्धान मुलक कार्यक्रममा सञ्चालक समिति जस्तोसुकै सहयोग गर्न पनि तत्पर रहेको कुरा व्यक्त गर्नु भएको थियो । गोष्ठी आयोजनाको औचित्य माथि क्याम्पस प्रमुख श्री विकास प्रसाद उप्रेतीले प्रकास पार्नुभएको थियो । प्राध्यापकहरुको समेत सक्रिय सहभागिता रहेको उक्त कार्यक्रममा विषय विज्ञ प्राध्यापक डा. पृथ्वी बिक्रम राईले सहजीकरण गर्नुभएको थियो र उहाँले शोध पत्रको प्रस्ताव र शोध पत्र लेखनको ढाँचा विषयवस्तु लगायत विभित प्राविधिक पक्षहरुको सुक्ष्म विश्लेषण गर्नुभएको थियो ।



## बनभोज तथा सम्मान कार्यक्रम सम्पन्न

कनकाई बहुमुखी क्याम्पसले बनभोज तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ । मिति २०७७ पौष २७ गते सोमबारका दिन पूर्व क्याम्पस प्रमुख वर्तमान सञ्चालक समिति लेखा समिति सल्लाहकार समिति क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरुको व्यापक सहभागितामा बनभोज तथा सम्मान कार्यक्रम सम्पन्न भएको हो ।



क्याम्पसको अतिरिक्त तथा खेलकुद विभागको आयोजनामा सम्पन्न भएको बनभोज कार्यक्रम स्थानिय कनकाई नदीको पूर्वी तटमा रहेको धार्मिक एवम् पर्यटकिय स्थल किराँतेश्वर धनुषकोटी धाममा सम्पन्न भएको थियो । कार्यक्रममा विभित मनोरञ्जनात्मक तथा सम्मान समेत गरिएको थियो । महादानविर चन्दादाता एवम् सह प्राध्यापक श्री बुद्धदेव प्रसाद घिमिरे तथा उहाँको धर्म पत्नी श्री कुसुम घिमिरे सह प्राध्यापक श्री कोमल प्रसाद पोखेल तथा पूर्व क्याम्पस प्रमुख श्री त्रिलोचन मैनालीलाई सम्मान गरिएको थियो । क्याम्पस सञ्चालक समितिको अध्यक्ष श्री प्रेम प्रसाद चुडाल एवम् क्याम्पस प्रमुख श्री विकास प्रसाद उप्रेती लगायतले खादा ओढाई उहाँहरुले पुऱ्याउनु भएको योग्दानको चर्चा गर्नुभएको थियो । सम्मानित व्यक्तित्वहरुले पनि क्याम्पस स्थापना गर्दाको इतिहास र क्याम्पस सञ्चालनको क्रममा भोगेका विभित सहजता र कठिनाईहरुलाई स्मरण गर्दै आफ्नो विचार प्रस्तुत गर्नुभएको थियो ।

## कर्मचारीको निधन




कनकाई बहुमुखी क्याम्पसका कर्मचारी काशिनाथ अघोरीको निधन भएको छ । क्याम्पसमा लामो समय देखि कार्य गर्दै आउनु भएका अघोरीको हृदय घातका कारण निधन भएको हो ।

कनकाई नगरका विभिन्न संघ-संस्थामा सेवा पुऱ्याउदै आउनु भएको थियो । जीवन यापनका क्रममा झापाको साविक डाँगीबारी गा.वि.स. बसोवास गर्दै स्थायी बसोवासका लागि कनकाई नगरपालिका वार्ड नं. ३ सुरुङ्गा बजार रोज्नु भएको थियो । कार्य प्रति बफादार अघोरी काममा कसैसँग सम्झौता गर्नुहुन्न थियो ।





| | |
|---|---|
| प्रकाशक | : अनुसन्धान व्यवस्थापन तथा प्रकाशन एकाइ, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा |
| इमेल | : kanakai.campus47@gmail.com |
| वेबसाइट | : http://kanakaicampus.edu.np/ |
| सम्पादक मण्डल | : संयोजक, दिनेशकुमार तिम्सिना<br>सदस्य, मुक्तिनाथ दाहाल<br>सदस्य, दुर्गा काफ्ले |
| कम्प्युटर सेटिङ्ग | : लाख बहादुर तामाङ्ग |
| मुद्रक | : |